
बन्दैछ कालीकोट, फेरिदैछ मुहार
राष्ट्रिय प्रसारण लाईन
फुकोट कर्णाली हाइड्रोपावर प्रोजेक्ट
तारा चिन्हमा मतदान गरौं !
महेन्द्र बहादुर शाही 'प्रज्वल'
प्रतिनिधिसभा सदस्य उम्मेदवार
नेपाली कम्युनिष्ट पार्टी
कालिकोट
फागुन २१
समृद्ध कालीकोटको लागि: बस्तीसम्म सडक, खोलामा बिजुली
खेतमा उत्पादन, गाउँघरमै रोजगारी

## प्रतिनिधिसभा सदस्य निर्वाचन–२०८२ को लागि नेपाली कम्युनिष्ट पार्टी, कालिकोट जिल्लाको

# प्रतिबद्धता-पत्र

## "बन्दैछ कालिकोट, फेरिँदैछ मुहार"

आदरणीय कालिकोटबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू

नेपालको मानचित्रमा कालिकोट जिल्लाको पहिचान र परिचय एउटा दुर्गम, विकट र पिछडिएको जिल्लाको रुपमा सीमित थियो । चुलिभन्दा अग्ला कालिकोटबासीका दुःख, अभाव, विभेद र उत्पिडनका पहाड भत्काउन सजिलो थिएन । महान जनयुद्धले महिला, दलित लगायत सिमान्तकृत वर्ग र समुदायमाथि हुने गरेको विभेद, भेदभाव र उत्पिडनका विरुद्ध अभुतपूर्व संघर्ष गर्दै सामाजिक न्याय, समानता, महिला, दलित अधिकार स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि कालिकोटको सामाजिक, आर्थिक, राजनीतिक तथा भौगोलिक मुहार फेरिँदै गएको छ। दुरदराजका गाउँबस्तीहरू सडक सञ्जालमा जोडिएका छन् । राष्ट्रिय प्रसारण लाईन विस्तारसँगै गाउँगाउँमा बिजुली पुगेको छ र कालिकोट अँध्यारो युगबाट उज्यालो युगमा प्रवेश गरेको छ। अधिकांश घरहरूमा खानेपानीका धारा बनेका छन् । आकाशे पानीमा भर पर्नुपर्ने जमिनको हिस्सा घट्दै गएको छ । कुलाहरूको निर्माणले सिँचाइको सुविधा विस्तार भएको छ । काम सुरु भएको दशकौंपछि सुनथराली विमानस्थल निर्माण भई परीक्षण उडान सफल भएको छ। खरका छाना भएका घरहरू विस्थापित भएका छन् । राजापुर चिसापानीको बजार टोल छिमेक गाउँमा आईपुगेको छ। विद्यालयहरूमा पक्की भवनहरू बनेका छन् । वडास्तरमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भएका छन् । सूचना प्रविधि ईन्टरनेटको विस्तारले बाँकी दुनियाँसँगको सम्पर्क-सम्बन्ध सहज बनेको छ ।

जमुनाहा-हिल्सा सडकको कालिकोट खण्डको स्तरोन्नति, लालु-लैफु सडकको विस्तारले विकास, सेवा प्रवाह र जनजीवनलाई नयाँ ठाउँमा पुऱ्याउँदैछ । महावै-पादमघाट-चिल्खाया-नाग्मा सडक र शेरी-पान्तडी

सडक विस्तारले कालिकोटको मात्र नभई जुम्ला-दैलेख र सुर्खेतको दुरीलाई समेत घटाउनेछ । फुकोट कर्णाली जलविद्युत आयोजनाको पूर्णताले जिल्लाको आर्थिक समृद्धिमा ठुलो योगदान पुऱ्याउनेछ । तिला कर्णाली नदिमा तिला एक र तिला दुई जलविद्युत उत्पादनले कालिकोट जिल्लालाई हाइड्रोको हब बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । युद्ध पर्यटकीय क्षेत्रका रुपमा पिलिलाई रणनीतिक रुपमा अगाडी बढाउने हाम्रो योजनाले कालिकोटमा पर्यटक आकर्षणको दायरा फराकिलो बन्न पुगेको छ । पलाँतालाई राष्ट्रिय सडक सञ्जालसँग प्रत्यक्ष जोड्नको लागि कर्णाली नदिमा पक्की पुल बनाउने कार्य हाम्रो उच्च प्राथकितामा रहेको छ । कालिकोटलाई राष्ट्रिय स्तरमा चिनाउने एउटा प्राकृतिक सम्पदा नेपालकै अग्लो झरना पचालझरनासम्म सहज पहुँचका लागि सडक विस्तार गर्ने कार्य अन्तिम चरणमा छ । यी र यस्ता योजनालाई पूर्णता दिदै कालिकोटको विकास र समृद्धिको गतिलाई थप द्रुतगतिमा अगाडी बढाउन सुविचारित पार्टी र प्रभावशाली नेतृत्वको जरुरी छ ।

गत भदौं २३ र २४ गते भएको नवयुवा (Gen Z) विद्रोहपछि उत्पन्न अन्योलताले मुलुकको भविष्य, संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था र भावी राजनीतिका बारेमा गम्भीर प्रश्नहरू सिर्जित भएका छन् । दशौं हजारको त्याग, समर्पण र बलिदानबाट स्थापित गणतन्त्र, संघियता, धर्म निरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व, दलित, महिलाका अधिकार रक्षाका लागि परिर्वतन पक्षधर शक्तिहरू एकजुट हुन अपरिहार्य भएको छ । सोही कुरालाई मध्यनजर गर्दै वृहत् कम्यूनिष्ट एकता गरेर नेपाली कम्यूनिष्ट पार्टी निर्माण भएको छ । नेपाली कम्यूनिष्ट पार्टी नेकपा (चौम) को विरासतबाट आएको नेकपा (माओवादी केन्द्र) र नेकपा (माले) को विरासतबाट आएको नेकपा (एकिकृत समाजवादी) लगायत विभिन्न घटकहरू एकता गरेर बनेको नेपाली कम्यूनिष्ट आन्दोलनको मूल प्रवाह हो । बलिदानपूर्ण इतिहास र राज्य सञ्चालनको अनुभव सम्हालेका नेतादेखि नवयुवाको भावनाको प्रतिनिधित्व गर्ने जुझारू युवा नेता कार्यकताहरूको केन्द्रिकरण कालिकोटमा छ । आगामी फाल्गुण २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ **क. महेन्द्र**

**बहादुर शाही 'प्रज्वल'** र समानुपातिकतर्फ **क. गंगा खड्का बोगटी**लाई उम्मेदवारको रुपमा अगाडी सारेका छौं ।

**बलिदानीपूर्ण इतिहास, राज्य सञ्चालनको अनुभव र भविष्यप्रतिको ऐक्यबद्धता**

**दिगो विकास, सुशासन, रोजगारी, सामाजिक न्याय र समृद्धि हाम्रो प्रतिबद्धता**

हाम्रो पार्टीबाट प्रत्यक्षतर्फका उम्मेदवार महेन्द्र बहादुर शाही 'प्रज्वल' ले यसअघि **संविधानसभा सदस्य, नेपाल सरकारको उर्जा मन्त्री, कर्णाली प्रदेशको प्रथम मुख्यमन्त्री तथा सांसदको सफल भूमिका** निर्वाह गर्नुभएको छ । विभिन्न जिम्मेवारीमा रहँदा उहाँले कालिकोट जिल्ला, कर्णाली प्रदेश र राष्ट्रिय राजनीतिमा महत्वपूर्ण योगदान गर्दै आउनुभएको छ । उहाँको योगदानलाई संक्षिप्तमा स्मरण गरेका छौं ।

## संविधानसभा सदस्य, नेपाल सरकारको उर्जामन्त्री तथा प्रतिनिधिसभा सदस्यको भूमिकामा रहँदाः

- महिला, दलित, कर्णाली लगायत सिमान्तकृत समुदायका अधिकार संविधानमा समावेश गर्न महत्वपूर्ण भूमिका खेलेको,
- ६ वटा प्रदेश बनाउने षडयन्त्र विरुद्ध जनस्तरबाट भएको संघर्षलाई सार्थक निष्कर्षमा पुऱ्याउन कर्णाली प्रदेश स्थापनाका लागि शिर्ष नेतृत्वलाई सहमत गराउन निर्णायक भूमिका खेलेको,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालिन भ्रष्ट र विवादित प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई महाअभियोग प्रस्ताव दर्ता गराएको,
- कालिकोटको आर्थिक विकासको कोसेढुंगाको रुपमा **४८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत आयोजना** अगाडी बढाएको,
- राष्ट्रिय प्रसारण लाईन कालिकोट जिल्लामा पुऱ्याई स्थानीय तह, वडाहरूमा विद्युतिकरण गरेको,
- कैलाली देखि कर्णाली चिसापानी हुँदै रेगिलसम्म ४०० केभि विद्युत प्रसारण लाइन निर्माण प्रक्रिया अगाडी बढाएको,
- रास्कोटमा इलाका प्रशासन कार्यालय स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेको ।

## कर्णाली प्रदेशको प्रथम मुख्यमन्त्री तथा प्रदेश सभा सदस्यको जिम्मेवारीमा रहँदा

- कर्णालीको सभ्यता, ऐतिहासिक विरासत, कर्णालीबासीको आत्मसम्मान झल्किनेगरी ७ वटा प्रदेशहरूमध्ये **सबैभन्दा पहिला कर्णाली प्रदेशको नामाकरण** गर्न नेतृत्वदायी भूमिका,
- भौतिक संरचना, दक्ष जनशक्ति र पर्याप्त स्रोत साधनको अभावका बीच संघीयताको जग कर्णालीमा बसाएको,
- गाउँ तहसम्मको बेरोजगारीको समस्या समाधानका लागि **मुख्यमन्त्री रोजगार कार्यक्रम** संचालनमा ल्याउँदा उल्लेख्य जनता लाभान्वित भएका,
- मुलुकमै पहिलोपटक प्रदेश सरकारको तर्फबाट कर्णाली प्रदेशको राजधानीमा **राष्ट्रिय स्तरको रंगशाला** निर्माण प्रक्रियाको थालनी,
- प्रदेश निर्वाचन क्षेत्र 'ख' जोड्ने ऐतिहासिक बाटो लालु-लैफु सडक निर्माण,
- प्रदेश निर्वाचन क्षेत्र 'क' लाई जोड्ने महावु-पादमघाट-चिल्खाया-नाग्म सडक निर्माण थालनी,
- रणनीतिक महत्त्वको सडकको रुपमा शेरी पान्तडी सडक निर्माण कार्य प्रारम्भ,
- सान्तीघाटदेखि रास्कोट नगरपालिकाको केन्द्र **आरसिपी बजारसम्मको सडक कालोपत्रे**को प्रक्रिया प्रारम्भ,
- प्रसिद्ध धार्मिक पर्यटकीय स्थल बडिमालिकाको प्रवेशद्वार त्रिवेणीमा यात्रुहरूको सहजताका लागि धर्मशाला, स्नानधारा निर्माण,
- जनयुद्धको अन्तिम मोर्चाका रुपमा चर्चित **पिलि युद्ध पर्यटन क्षेत्र** विकास,
- पिलिपाखा छाप्रे जोड्ने सडक निर्माण,
- ब्याउले, हाउडे हुँदै पान्तडी जोड्ने सडकको सुरुवात,
- पचालझरनाको प्रचारप्रसार तथा पर्यटन प्रवर्द्धन,

- मान्मामा सरुवा रोग अस्पताल स्थापना,
- कर्णालीको ऐतिहासिक लोक संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि देउडा दिवस मनाउने प्रचलनको सुरुवात,
- छोरी खाता सञ्चालन,
- सहिद तथा बेपत्ता परिवारका लागि निवृत्तिभरण कार्यक्रम,
- सहिद तथा बेपत्ता परिवार र घाइतेलाई उद्यमशील कार्यक्रम,
- एकीकृत बस्ती विकास कार्यक्रम,
- उज्यालो कर्णाली कार्यक्रम,
- एक वडा एक कृषि प्राविधिक कार्यक्रम,
- विभिन्न ठाउँमा कृषि सडक, पर्यटन पदमार्ग, विद्यालय भवन निर्माण ।

कालिकोट जिल्लाको विकासको गतिलाई थप तीव्रता दिन, अधुरा अपूरा कामहरूलाई पूर्णता दिनका लागि फेरि एकपटक **प्रत्यक्षतर्फ क. महेन्द्र बहादुर शाही 'प्रज्वल' र समानुपातिक तर्फ गंगा खड्का बोगटी**लाई अत्याधिक बहुमत सहित विजयी गराउनका लागि **चुनाव चिन्ह तारा**मा मतदान गर्नुहुन सम्पूर्ण कालिकोटबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक अपिल गर्दछौं । आगामी निर्वाचनपछि नेपाली कम्युनिष्ट पार्टी तथा उम्मेदवारको तर्फबाट निम्न कार्यहरू अगाडी बढाउने संकल्पसहित प्रतिबद्धता गर्दछौं ।

**Connectivity, Electricity and Productivity for the Prosperity of Kalikot**

## समृद्ध कालिकोटको लागिः बस्तीसम्म सडक खोलामा बिजुली खेतमा उत्पादन गाउँघरमै रोजगारी

### शिक्षा क्षेत्र

- नयाँ शिक्षा ऐन ल्याउन राजनीतिक नेतृत्व र संसद समक्ष पहल गर्ने,
- पिलि युद्ध पर्यटकीय क्षेत्रलाई योजनावद्ध विकास गर्ने,
- शिक्षा पेशालाई थप मर्यादित बनाउन शिक्षकहरूको वृत्ति विकास, पेशागत सुरक्षा र मर्यादाका लागि आवश्यक पहलकदमी गर्ने,
- शैक्षिक संस्थाहरूमा आवश्यक शैक्षिक पूर्वाधार, खेल मैदान, पुस्तकालय, प्रयोगशाला लगायत व्यवस्था गर्न आवश्यक स्रोतको लागि पहल गर्ने,
- तिला कर्णाली बहुमुखी क्याम्पसमा सूचना प्रविधि IT कार्यक्रम संचालनको लागि आवश्यक कार्य गर्ने,
- नन्दादेवी बहुमुखी क्याम्पस, जनचेतना बहुमुखी क्याम्पस भौतिक तथा शैक्षिक स्तरीकरण गर्ने,
- पलाँता क्षेत्रमा एउटा क्याम्पस स्थापनाको लागि पहल गर्ने,
- बालबालिकालाई आफ्नो गाउँघरमा शिक्षा प्राप्त गर्ने वातावरण बनाउन विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि जिल्ला स्तरमा एकिकृत योजना निर्माण गरी लागू गर्ने,
- जिल्ला भरमा संचालित प्राविधिक कार्यक्रमको स्तरोन्नति गर्ने,
- जिल्लामा एउटा बहुप्राविधिक शिक्षालय स्थापना गर्ने,

### स्वास्थ्य

- कालिकोट जिल्ला अस्पतालमा विशेषज्ञ सेवा प्रदान गर्नका निम्ति आवश्यक आधुनिक उपकरण, जनशक्ति तथा भौतिक पूवार्धारको प्रवर्द्धन गर्ने,
- स्वास्थ्य चौकी र बर्थिङ सेन्टरको स्तरोन्नति गर्ने र आवश्यक स्थानमा नयाँ बर्थिङ सेन्टर स्थापना गर्ने,
- निर्माण सम्पन्न हुन नसकेको स्थानीय तहका अस्पतालका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने,

- सडक दुर्घटना र आकस्मिक बिरामीको उपचारको लागि निर्वाचन क्षेत्र 'ख' को जमुनाहा-हिल्सा सडक खण्डको उपयुक्त स्थानमा ट्रमा अस्पताल निर्माण गर्ने,
- जेहेन्दार र क्षमतावान विद्यार्थीलाई मेडिकल फिल्डमा अध्ययन गर्नका लागि स्थानीय तहमार्फत छात्रवृत्ति कार्यक्रम लागू गर्ने,

## भौतिक पूर्वाधार

- जमुनाहा-हिल्सा सडकको कालिकोट खण्डको बाँकी भाग स्तरोन्नति,
- सुर्खेत-जुम्ला सडकको स्तरोन्नति,
- महावै-पादमघाट-चिल्खाया-नाग्म सडक खण्ड विस्तार तथा स्तरोन्नति,
- लालु-लैफु सडकको बाँकी खण्ड विस्तार तथा स्तरोन्नति,
- शेरी-पान्तडी सडक विस्तार कार्य सम्पन्न,
- बेउली-पान्तडी सडक विस्तार,
- पिलि-पाखा-नाग्म सडक विस्तार तथा स्तरोन्नति,
- मान्म-बदालकोट-सिकु-पचालझरना सडक विस्तार तथा स्तरोन्नति,
- बेल्केढुंगा फेरी निर्माण र रिखाकोटी, तिपगाड, माथिल्लो दाम्रीगाड मोटरेबल पुल निर्माण,
- थिर्पु-राफाडाँडा-ओदी सडक स्तरोन्नति, कर्णाली करिडोरबाट पलाँताको पालिका केन्द्रसम्म सडक कालोपत्रे, थिर्पु नाइबाडा काँध फागोटी उखाडी सडक निर्माण र कहरदेव रारा सडक निर्माण,
- पलाँता गाउँपालिकाको अस्पताल निर्माण तथा वडा स्वास्थ्य केन्द्रको स्तरोन्नति सहित एम्बुलेन्स सेवा सञ्चालन गर्ने,
- जारकोट, खिन-ओदी-जुम्ला जोड्ने सडकको विस्तार तथा स्तरोन्नति,

- थिर्पु-नाइबाडा-माछ्लालेक-जुम्ला सडक विस्तार,
- काँध-फागोटी सडक विस्तार तथा स्तरोन्नति,
- पिली देखि हलनेडाँडा झ्लुङ्गे पुल निर्माण,
- पाखा देखि चुली सडक विस्तार र स्तरोन्नति,
- छाप्रे देखि पुगसम्म र फोइ देखि पुग सम्म सडक विस्तार र स्तरोन्नति,
- मुम्रादेखि लाता हुँदै त्रिवेणीसम्म सडक निर्माण,
- सान्तीघाट सान्नीत्रिवेणी गाउँपालिकाको केन्द्र हुँदै त्रिवेणीसम्म सडक विस्तार तथा स्तरोन्नति,
- रास्कोट देउरामालिका क्षेत्तडी हुँदै त्रिवेणी सडक विस्तार तथा स्तरोन्नति,
- कुमालगाउँ रुप्सा त्रिवेणी सडक निर्माण,
- खुलालु देखि रामारोशन सडक विस्तार तथा स्तरोन्नति,
- सबै स्थानीय तहका केन्द्र सम्म सडक स्तरोन्नति र कालोपत्रे साथै प्रत्येक पालिका केन्द्र देखि वडा कार्यालयसम्मका सडक विस्तार तथा स्तरोन्नति,
- कोटवाडा देखि सदरमुकाम मान्म जाड्ने केवुलकार/पोर्टवेको लागि पहल गर्ने,
- सुनथराली विमानस्थलबाट नियमित हवाई उडानका लागि आवश्यक प्रबन्ध मिलाउने,

## कृषि जडिबुटी

- व्यवसायिक कृषि उत्पादन, पशुपालन, वृहत् वन वृक्षरोपणका सीप, प्रविधि र बजारलाई जोड्ने कार्यक्रम लागू गर्ने,
- जिल्लाभरको माटो परीक्षण तथा वातावरणीय सम्भाव्यता अध्ययन गरि कृषि पकेट क्षेत्र विकास गर्ने,
- एक वडा एक नमूना कृषि उत्पादन, एक नमूना पकेट क्षेत्र निर्माण, एक कृषि प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने,
- जडिबुटीको व्यवसायिक खेती प्रर्वद्धनका लागि आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

- एक स्थानीय तह एक कृषि उद्योग स्थापना गर्ने,
- कृषकका लागि सहुलियत ऋण व्यवस्थापनमा ठोस पहल गर्ने,
- मलखात कृषि औजार सहज उपलब्ध गराई कृषि व्यवसायलाई आधुनिक कृषि प्रणालीमा विकास गर्ने,
- कृषि उत्पादन मार्फत रोजगारी सिर्जना तथा कृषकहरूको जीवनस्तर सुधारका लागि स्थानीय तहमा एक विशिष्टीकृत उत्पादनसँगै कृषि उत्पादन खरिद तथा बिक्री केन्द्र स्थापना गर्न नीतिगत सहजीकरण गर्ने,

## उद्यम विकास, रोजगारी सिर्जना तथा सूचना प्रविधि

- वित्तीय पहुँचको सुनिश्चिततताका लागि बैंक तथा वित्तीय संस्थाको निश्चित रकम अनिवार्य रुपमा युवा उद्यमशिलता र नवप्रवर्द्धनका लागि बिना धितो ऋणको व्यवस्था गर्न पहल गर्ने,
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नका लागि प्रत्येक स्थानीय तहमा एउटा उद्योग स्थापना गर्ने,
- स्वरोजगार सिर्जना गर्नको लागि माग र आवश्यकताको पहिचान गरी प्राविधिक तालिम संचालनको व्यवस्था गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र उच्च प्रतिफलयुक्त बनाउन, ठगी नियन्त्रण गर्न र रोजगारदाताबाट लागत व्यहोर्ने प्रणाली कार्यान्वयन गर्न जोड दिने,
- परम्परागत सीपलाई समयसापेक्ष आधुनिकीकरण गरी बजारमा प्रतिष्पर्धी बनाउन थप तालिम, आधुनिक मेसिन र सहुलियत कर्जा उपलव्ध गराउने,
- कच्चा पदार्थको उपलब्धताको आधारमा एक स्थानीय तह एक उद्योग स्थापना गर्ने,
- हालसम्म स्तरीय इन्टरनेट सेवा नपुगेका वडा र गाउँमा फोरजि मोबाइल सेवा र फाइबर इन्टरनेट सेवाका लागि आवश्यक पूर्वाधार विस्तार गर्ने,

## ऊर्जा, सिँचाइ, खानेपानी

- कालिकोट जिल्लालाई जलविद्युत उत्पादनको हबको रुपमा विकास गर्ने,
- फुकोट कर्णाली अर्धजलशाययुक्त जलविद्युत आयोजनाको काम अगाडी बढाउने,
- तिला एक, तिला दुई जलविद्युत निर्माण कार्यलाई छिटो अगाडी बढाउनको लागि ठोस पहल गर्ने,
- तिपगाड, गाइतर खोला, सान्नीगाड, रुडुखोला लगायत खोलाहरूमा साना जलविद्युत निर्माण,
- सैन सबस्टेशन निर्माण गरी राष्ट्रिय प्रसारण लाइन विस्तार गरी बाँकी बस्तीहरूमा विद्युतीकरण गर्ने,
- विद्युत सेवा नपुगेका गाउँबस्तीमा भरपर्दो सुरक्षित, गुणस्तरीय र नियमित विद्युत सेवा उपलब्ध गराउनका लागि प्रविधि र पूर्वाधार विस्तार गर्ने,
- सिँचाइका लागि निर्माण गरिएका जिल्लाभरका कुला नहरको संरक्षण, मर्मत गर्ने,
- सिँचाइका लागि आवश्यक स्थानमा नयाँ कुला निर्माण गर्ने,
- पलाँता लिफ्ट सिँचाइ, भतेडी लगायतका सिँचाइ कुला निर्माण गर्ने,
- जिल्लाको विभिन्न स्थानमा आवश्यकता र सम्भावनाका आधारमा सिँचाइ कुलो, पोखरी, लिफ्ट सिँचाइ आयोजना सञ्चालन गर्ने,
- पलाँता लगायत प्रयाप्त खानेपानी नपुगेका गाउँ, टोल, बस्तीहरूमा स्वच्छ खानेपानीको एक घर एक धाराको अवधारणा विस्तार गर्ने,

## पर्यटन

- बडिमालिका त्रिवेणी पाटन, देउरामालिका, पचालझरना, महावै, रुडु, बन्चु पाटन, चुली, पुग क्षेत्रलाई विशेष पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न पहल गर्ने,

- पिली युद्ध पर्यटन क्षेत्रलाई राष्ट्रिय स्तरमा प्रचारप्रसार गर्ने,
- बिथलडाँडा युद्ध पर्यटन क्षेत्र स्थापना गर्ने,
- इतिहास, भाषा, संस्कृतिको अध्ययनमा पुऱ्याएको योगदानलाई स्थापित गर्न **योगी नरहरीनाथलाई राष्ट्रिय विभूति** घोषणा गर्न सार्थक पहल गर्ने,
- योगी नरहरीनाथको जन्मस्थानमा संग्रालय स्थापना गर्ने,
- जनयुद्ध जनआन्दोलन लगायतका राजनीतिक आन्दोलनका महान शहिदहरूको सम्मान र सम्झनामा प्रत्येक स्थानीय तहमा सहिद स्मारक, सहिद पार्क निमार्ण गर्ने,
- कृषि पर्यटन (Agro Tourism) को लागि आवश्यक व्यवस्थापन गर्ने ।

अन्त्यमा, विगतमा हाम्रो पार्टीको तर्फबाट कालिकोट जिल्लाको समग्र विकासको लागि पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै कालिकोट जिल्लाको विकास र समृद्धिको यात्रालाई थप सार्थक तुल्याउन तारा चिन्हमा मतदान गरिदिनहुन हार्दिक अनुरोध गर्दछौं ।

**चुनावी मौसमको मिठो बोली होइन, विकासको इतिहास हेरौं** !
**अधुरा काम तीव्रतामा पूरा गर्न, तारा चिन्हमा मतदान गरौं** !!